# कार्यक्रमका उद्देश्यहरु

### १. तोकिएका भू-परिधिहरुमा जैविक विविधतामा हुने जोखिम न्यूनीकरण गर्ने

यस उद्देश्य अन्तर्गत हरियो वनले निम्न कार्यहरु गर्ने छ :

- ❖ अति दुर्लभ तथा संकटापन्न अवस्थामा रहेका वन्यजन्तुहरुको चोरी शिकार तथा अवैध व्यापारका कारण परिरहेको खतरालाई न्यूनीकरण गर्ने,
- ❖ महत्वपूर्ण जैविकमार्गहरु (वन/जल), वन्यजन्तुका वासस्थान तथा पारिस्थितिकीय प्रणालीहरुको पहिचान गरी तिनीहरुमा परिरहेको मानवीयचाप तथा जलवायु परिवर्तनका कारण आईपर्ने संभावित खतरालाई सहभागीतामूलक एकीकृत संरक्षण र विकास कार्यक्रमका माध्यमबाट सम्बोधन गर्ने,
- ❖ प्राकृतिक श्रोत व्यवस्थापनमा कृयाशिल समुहहरुमा सुशासनको विकास तथा सुदृढीकरण गरी संरक्षण तथा व्यवस्थापन कार्यमा सरीक गराउने,
- ❖ प्राकृतिक श्रोतमा आधारित दीगो आयआर्जनका उपायहरु पहिचान गरी वनमा आश्रित गरिव, विपन्न तथा सिमान्तकृत समुदायहरुको जीवनस्तर उकास्ने,
- ❖ जैविक विविधता संरक्षण कार्यसँग संवन्धित कानून, नीति-नियमहरुलाई परिमार्जन गरी समयसापेक्ष (संरक्षण मैत्री, समावेसी तथा गरीवमुखी) वनाउन नेपाल सरकारलाई सहयोग गर्ने ।

### २. प्रभावकारी र दिगो भू-परिधि व्यवस्थापन मूलतः वनफडांनी र वन विनासको माध्यमबाट हुने हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण कार्य संचालन गर्न आवश्यक क्षमता र संरचनाको विकास गर्ने

यस उद्देश्य अन्तर्गत यो कार्यक्रमले निम्न कार्यहरु गर्ने छ :

- ❖ वन विनास तथा वनको क्षयिकरण न्यून गर्न (REDD+) को लागि आवश्यक नीति तथा रणनीति तजुर्मा एवम् कार्यान्वयनमा सहयोग पुर्‍याउने,
- ❖ हरितगृह ग्याँसको अनुगमन र लाभको समानुपातिक वितरणको लागि आवश्यक क्षमता विकास गर्ने,
- ❖ वन विनास र वनको क्षयिकरणका कारक तत्वहरुको पहिचान गर्ने र सो को प्रभाव न्यूनीकरण गर्ने,
- ❖ कार्वन तथा अन्य पारिस्थितिकीय सेवाको भुक्तानि पद्दतीको विकास एवम् परीक्षणगर्ने ।

### ३. लक्षित मानव समुदाय तथा पारिस्थितिकीय प्रणालीहरुमा जलवायु परिवर्तनका नकारात्मक प्रभावलाई सामना गर्ने क्षमतामा बृद्धी गर्ने

यस उद्देश्य अन्तर्गत यो कार्यक्रमले निम्न कार्यहरु गर्ने छ :

- ❖ जलवायु परिवर्तन संवन्धी सचेतना अभिवृद्धि गर्ने,
- ❖ सामुदायिक अनुकूलन योजना तजूर्मा गर्न आवश्यक तरीका तथा विधीहरुको परीक्षण गरी कार्यान्वयन गर्ने,
- ❖ सामुदायिक अनुकूलन योजनाको अनुगमन र मूल्याङ्कन तरीका तथा विधीको परीक्षण तथा कार्यान्वयन गर्ने,
- ❖ जलवायु परिवर्तन संवन्धी नीति नियमहरुको अध्ययन, विश्लेषण तथा कार्यान्वयन गर्न सहयोग गर्ने ।

हरियो वनले यी कार्यक्रमका साथसाथै तल उल्लेखित क्रियाकलापलाई पनि उच्च प्राथमिकता दिएको छ :

### अनुगमन तथा मूल्याङ्कन

हरियो वन कार्यक्रम सँग संवन्धित गतिविधि तथा प्रक्रियाहरुलाई परिणाममुखी बनाउन अनुगमन तथा मूल्याङ्न इकाईको व्यवस्था गरीएको छ । यस इकाईले तथ्यांक व्यवस्थापन, अध्ययन, अनुसन्धान, कार्यक्रम प्रगति, सिकाई, सफलता र उपयुक्त अभ्यासहरुको अभिलेखीकरण तथा प्रसार गर्ने छ । यस इकाईले कार्यक्रम सँग संवन्धित विभिन्न तथ्यांक तथा सूचना प्रवाह गरी व्यवस्थापनलाई भरपर्दो निर्णय लिन मद्दत पुर्‍याउदछ ।

### लैंगिक समानता र सामाजिक समावेसिकरणका लागि हरियो वन कार्यक्रमले निम्न कार्यहरु गर्ने छ ।

- ❖ महिला, दलित, गरिव, जनजाती र पिछडिएका समुहलाई नेतृत्व र व्यस्थापनमा संलग्न गराई निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागीता गराउने,
- ❖ लाभको समानुपातिक वितरण र अनुगमन गरी लक्षित वर्गलाई सार्वजनिक सुनवाई र परीक्षण मार्फत जानकारी गराउने,
- ❖ विभिन्न तहको नीति निर्माण अनुगमन र मूल्याङ्कनमा लैगिक समानता तथा सामाजिक समावेसिकरणका लागि चेतना अभिबृद्धी गराउने ।

### हरियो वन कार्यक्रमले लक्षित समुदाय र व्यक्तिहरुको जिविकोपार्जनमा सहयोग गर्ने छ ।

- ❖ वनजन्य वस्तुहरुको संकलन, मूल्य शृंखला विश्लेषण, दीगो उपयोग व्यवस्थापन, लघु ऋण व्यवस्थापन, लघु उद्यममा सहयोग पुर्‍याउने,
- ❖ ग्रामिण पर्यटन र वन्य जन्तु संरक्षण वापत प्राप्त हुने लाभांश वितरणको व्यवस्थापन गर्ने,
- ❖ वातावरणीय सेवा वापत प्राप्त भुक्तानिको वितरण व्यवस्था गर्ने,
- ❖ जलवायु परिवर्तनको नकारात्मक असर न्यूनिकरण गर्न बनाईने सामुदायिक अनुकूलन कार्यक्रमबाट प्राप्त हुने लाभको वितरण व्यवस्थापन गर्ने ।

डब्लु डब्लु एफ नेपाल
पो. ब. नं. ७६६०
बालुवाटार, काठमाडौं
नेपाल

फोन : ९७७ १ ४४३४८२०
फ्याक्स : ९७७ १ ४४३८४५८
ई-मेल : info@wwfnepal.org
वेभसाइट : www.wwfnepal.org

*"हरियो वन कार्यक्रम अमेरिकी जनताद्वारा अमेरिकी विकास नियोग (युएसएड) को माध्यमबाट प्रदान गरिएको उदार सहयोगबाट सम्भव भएको हो । यसमा उल्लेखित विषयवस्तु हरियो वन कार्यक्रमको जिम्मेवारी हो र यसले युएसएड तथा अमेरिकी सरकारको धारणा प्रतिनिधित्व गरेको मानिने छैन ।"*


© Gerald S. Cubitt / WWF - Canon

# हरियो वन



USAID FROM THE AMERICAN PEOPLE WWF care



© Simon de TREY-WHITE / WWF-UK

# पृष्ठभूमि

विश्व मान चित्रमा केवल ०.०३ प्रतिशत भूभाग ओगटेको नेपाल, भौगोलीक क्षेत्रफलको आधारमा सानो राष्ट्र भएपनि प्राकृतिक सम्पदाले भरिपूर्ण छ । समुन्द्र सतहबाट ७० देखि ८८४८ मिटर उचाईसम्म रहेको नेपालमा ११८ पारिस्थितिकीय प्रणाली, ७५ किसिमका वनस्पति र ३५ किसिमका वन रहेका छन् । प्राकृतिक सम्पदाले धनि भएतापनि नेपालको २५ प्रतिशत जनता गरिबीको रेखा मुनि रहेका र बहुसंख्यक जनता ग्रामिण एवम् पिछडिएका क्षेत्रमा बसोबास गर्दछन् । गरिबीकै कारणले यी जनता प्राकृतिक श्रोत साधनमा निर्भर हुन वाध्य रहेका छन् । गरिवी र जिवीकोपार्जनको विकल्पको अभावका कारण, वन्यजन्तुको शिकार र गैरकानुनी वन फडानी जस्ता गतिविधीमा तीव्रता आएको छ जसले गर्दा प्राकृतिक श्रोतहरुमा निकै भार परेको छ । मानव र जैविक विविधताका लागि जलवायु परिवर्तन एउटा प्रमुख चुनौति बनेको छ । नेपालको करिव १९ लाख मानिसहरुलाई यसबाट नकारात्मक प्रभाव परेको छ भने लगभग १ करोड मानिसहरु सम्भाव्य जोखिममा छन् । समग्रमा भन्नुपर्दा बढ्दो गरिवी, जलवायु परिवर्तन र वातावरणीय ह्रासका कारण मानव तथा जैविक विविधता दुवै संकटमा परेका छन् ।



© Michel Gunther / WWF-Canon



© Martin Harvey / WWF-Canon

# हरियो वन कार्यक्रम

हरियो वन नेपाल र नेपालीहरुको हितका लागि परिकल्पना गरिएको एउटा महत्वाकांक्षी कार्यक्रम हो । यसको उद्देश्य जलवायु परिवर्तनका नकारात्मक प्रभावहरु र जैविक विविधतामा हुने जोखिमहरु न्यूनीकरण गर्नु, वनको संरक्षण र पुनरुत्थान गरी महिला, गरिव तथा वनमा आश्रित समुदायको जीवनयापनमा सघाउ पुऱ्याउनु तथा मानव र पारिस्थितिकीय प्रणालीमा जलवायु परिवर्तनबाट हुने प्रभावहरु सँग सामाना गर्न सक्ने क्षमतावृद्धि गर्नु रहेको छ । हरियो वन कार्यक्रमले जैविक विविधता संरक्षण, दीगो भू-परिधि व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन जस्ता अन्तरसंवन्धित क्षेत्रमा काम गर्दछ । यसका अतिरिक्त यस कार्यक्रमले दिगो जिवीकोपार्जन, लैंगिक तथा सामाजिक समावेसिकरण आदि महत्वपूर्ण पक्षहरुलाई समेत समेटेको छ । हरियो वन कार्यक्रमको अवधि ५ वर्षको रहेको छ । यो कार्यक्रम अमेरिकी विकास नियोग (युएसएड) बाट प्रदान गरिएको ३ करोड अमेरिकी डलरको उदार सहयोगमा सञ्चालन भै रहेको छ ।

"हरियो वन नेपालको धन" भन्ने प्रचलित उखानबाट प्रेरित भएर नामाकरण गरीएको यस कार्यक्रमले मानव र वन बीचको सम्बन्धलाई विशेष आधार बनाएको छ । यो कार्यक्रमले पूर्व पश्चिम फैलिएको तराई भू-परिधि र उत्तर दक्षिण फैलिएको चितवन अन्नपूर्ण भू-परिधिलाई प्राथमिकता दिएको छ । यी दुवै क्षेत्रहरु जैविक विविधताले सम्पन्न क्षेत्र भएकाले यिनको प्रभावकारी संरक्षण र यहाका वासिन्दाको दीगो जिवीकोपार्जनको धेरै महत्व रहेको छ ।

### विशेष चुनौतीहरू

गरिवी, बाढी–पहिरो, आगलागी, वन अतिक्रमण तथा विनाश, वन्य जन्तुको चोरी शिकार तथा अवैध व्यापार, अतिचरीचरण, मिचाह वनस्पति प्रजातिको फैलावट आदी जैविक विविधता तथा परिस्थितिकीय प्रणाली संरक्षणका प्रमुख चुनौतिहरु हुन् ।



© Neyret & Benastar / WWF-Canon

# कार्य क्षेत्र

तराई भू-परिधि पूर्वमा वागमती नदी देखि पश्चिमको महाकाली नदी सम्म करिव २३ हजार वर्ग कि.मि. क्षेत्रमा फैलिएको छ । यो क्षेत्रमा लोप हुन लागेको पाटे बाघ र एक सिंगे गैंडाको संसारकै दोस्रो ठूलो संख्या पाईन्छ । यस क्षेत्रमा पाहिने विश्वकै सबैभन्दा अग्लो घाँसे मैदान तथा नदितटीय र साल वन पृथ्वीकै एक महत्वपूर्ण जैविक विविधताको क्षेत्र हो । यहाँ विभिन्न वर्ग र समुदायका लगभग ६७ लाख भन्दा बढि जनसंख्या बसोबास गर्दछन् । यसमा आदिवासीहरुको वाहुल्यता रहेको छ । आदिवासीहरु र वसाई सरी आएका जनताको संमिश्रणले गर्दा यस क्षेत्रमा सामाजिक विविधता रही रहेको छ । आदिवासी थारु, दलित र मुक्त कमैया समूहमा गरिवी बढ्दो मात्रामा रहेको छ । त्यसै गरि लैङ्गिक तथा जातीय बिभेद पनि ठूलो मात्रामा रहेको छ ।

हरियो वन कार्यक्रमको प्रारम्भमा तराई भू-परिधि क्षेत्र अन्तर्गतका कन्चनपुर, बाँके, कैलाली, बर्दिया, रौतहट, बारा, पर्सा, चितवन र नवलपरासी जिल्लाहरुमा काम गर्ने योजना रहेको छ ।

चितवन अन्नपूर्ण भू-परिधि काली गण्डकी, सेती, मस्याङ्दी र त्रिशुली नदी तटीय क्षेत्रको लगभग ३२ हजार वर्ग कि.मि. भूभागमा फैलिएको छ । यस भू-परिधिमा उप–उष्ण, शीतोष्ण, उप–लेकाली र लेकाली जस्ता महत्वपूर्ण वनहरु पाईन्छन् भने विश्वमै अति दुर्लभ मानिने हिउ चितवा, रातो हाब्रे, कस्तुरी मृग आदि जस्ता महत्वपूर्ण वन्य जन्तुहरु पनि यस भूभागमा पाईन्छन् । लगभग ४७ लाख जनसंख्या भएको यो भू-परिधि धर्म संस्कृति र जातीका हिसाबले पनि अत्यन्तै धनि छ । यस क्षेत्रमा वसोवास गर्ने मुख्य जनजातीहरुमा गुरुङ, मगर, शेर्पा, तामांग आदि पर्दछन् ।

चितवन अन्नपूर्ण भू-परिधिको १९ जिल्ला मध्ये हरियो वन कार्यक्रमले प्रथम वर्षमा काली, सेती र मर्स्याङदी जलाधार क्षेत्रमा पर्ने मुस्तांग, चितवन, तनहुँ, काश्की, लमजुंग र गोर्खा जिल्लामा कार्यक्रमहरु केन्द्रित गरेको छ ।